# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/८२
चलानी नं १५४३

मितिः २०८१/११/०५

विषय : रिक्त पदमा शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ ।

सुनसरी जिल्ला कोशी गाउँपालिका अन्तर्गत श्री सप्तकोशी माध्यमिक विद्यालय भाण्टाबारी, कोशी गा.पा.-८ सुनसरीमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. २९ मिति २०८१/०७/१२ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना sbhantabari@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

..................
दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत

दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री शिक्षा विकास तथा समन्वय इकाइ सुनसरी ।
श्री सप्तकोशी मा.वि. भाण्टाबारी, कोशी गा.पा.-८, सुनसरी।
श्री सूचना तथा सञ्चार प्रविधि शाखा - वेवसाइट तथा फेसबुक पेजमा सूचना अपलोड गरिदिन हुन।

email : koshigaupalika@gmail.com website: www.koshimun.gov.np